आज मिति २०८२ पौष ३० गते बुधवारका दिन नीलकण्ठ नगर-कार्यपालिकाको बैठक नगर प्रमुख श्री भीमप्रसाद ढुंगानाज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्तावहरुमा छलफल तथा निर्णय गरियो।

<u>उपस्थिति</u>

१. नगर प्रमुख श्री भीमप्रसाद ढुंगाना

२. नगर उप-प्रमुख श्री दिपक विश्वकर्मा

३. प्रमुख प्रशासकीय अधिकृत श्री हरिदत्त कंडेल (सचिव)

४. वडा अध्यक्ष श्री गणेश वहादुर गुरुङ

५. वडा अध्यक्ष श्री ध्वज वहादुर गुरुङ

६. वडा अध्यक्ष श्री राजकुमार श्रेष्ठ

७. वडा अध्यक्ष श्री हरि वहादुर श्रेष्ठ

८. वडा अध्यक्ष श्री राम वहादुर श्रेष्ठ

९. वडा अध्यक्ष श्री भुपेन्द्र कुमार श्रेष्ठ

१०. वडा अध्यक्ष श्री गौतमहरि अधिकारी

११. वडा अध्यक्ष श्री प्रकाशकुमार श्रेष्ठ

१२. वडा अध्यक्ष श्री राजन वराइली

१३. वडा अध्यक्ष श्री सरोज पाण्डे

१४. वडा अध्यक्ष श्री राम वहादुर श्रेष्ठ

१५. वडा अध्यक्ष श्री धर्मराज भण्डारी

१६. वडा अध्यक्ष श्री सोम वहादुर गुरुङ

१७. वडा अध्यक्ष श्री नमराज दुवाडी

१८. कार्यपालिका सदस्य श्री चिनामाया श्रेष्ठ

१९. कार्यपालिका सदस्य श्री राम्री नेपाली

२०. कार्यपालिका सदस्य श्री छनुमाया गुरुङ

२१. कार्यपालिका सदस्य श्री शान्ता थापा

२२. कार्यपालिका सदस्य श्री विशाल रोक्का

२३. कार्यपालिका सदस्य श्री लक्ष्मण रस्तेल

२४. कार्यपालिका सदस्य श्री मञ्जु थापामगर

२५. का.वा.अध्यक्ष श्री राजन अधिकारी वडा नं.७

२६. का.वा अध्यक्ष श्री सम्झना वि.का वडा नं.३

अन्य आमन्त्रित उपस्थिति

लोकनाथ उपाध्याय, व.शा.अ.

सरोज त्रिपाठी, कि.अ

मितिः २०८२।०९।३० गते

**वैठकमा छलफलका विषयहरुः**

१. नगर सभाको मिति तय गर्ने तथा नगर सभालाई सभ्य र भव्य रुपमा सम्पन्न गर्ने सम्वन्धमा।

२. नगर सभामा उपस्थित हुने पदाधिकारीहरु/कर्मचारीहरु लगायत अन्य उपस्थितिको सुविधाका सम्वन्धमा।

३. आर्थिक वर्ष २०८३/२०८४ का लागि संघीय सरकारमा पेश गर्ने समपुरक र विशेष अनुदानका लागि योजना तथा कार्यक्रम छनौट गर्ने सम्वन्धमा।

४. आर्थिक वर्ष २०८३/२०८४ का लागि प्रदेश सरकारमा पेश गर्ने समपुरक र विषेश अनुदानका लागि योजना तथा कार्यक्रम छनौट गर्ने सम्वन्धमा।

५. नगरपालिकाको कार्यसञ्चालनका लागि आवश्यक कानून कार्यविधि तथा मापदण्डहरु स्वीकृत गर्ने सम्वन्धमा।

६. दमकल तथा व्यक हो लोडर मर्मतका सम्वन्धमा।

७. अन्य ऐन, नियम कानून कार्यविधिका सम्वन्धमा।

८. करार सेवाका कर्मचारीहरुको करार म्याद थप गर्ने सम्वन्धमा।

९. योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने सम्वन्धमा।

१०. नयाँ ट्र्याक निर्माण सम्वन्धी योजना सम्झौता तथा कार्यान्वयन गर्ने सम्वन्धमा।

११. नगरपालिका क्षेत्र भित्रका सवै खानेपानी योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि विस्तृत अध्ययन प्रतिवेदन (DPR ) तयारका लागि अनुरोध गर्ने सम्वन्धमा।

१२. WASH PLAN विकासका लागि सिफारिस गर्ने सम्वन्धमा।

१३. कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्वन्धमा।

१४. नीलकण्ठ प्रज्ञा प्रतिष्ठान अन्तर्गतको कार्य समितिमा सदस्य र सदस्य सचिव मनोनयन गर्ने सम्वन्धमा।

१५. साझेदारी कार्यक्रम सञ्चालनका लागि आवश्यक रकम विनियोजन गर्ने सम्वन्धमा।

१६. खानेपानी, सरसफाइ तथा स्वाच्छता व्यवस्थापन वोर्डका निर्णयहरुका सम्वन्धमा।

१७. खेलकुद प्रशिक्षकको दरवन्दी सृजना गरी नियूक्तिको प्रक्रिया अगाडि वढाउने सम्वन्धमा।

१८. अन्य विविध विषयहरुका सम्वन्धमा।

क. एक वडा एक उद्यम र एक स्थानीय तह एक प्रमुख उद्योग कार्यक्रमका सम्वन्धमा।

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको बैठक

मितिः २०८२।०९।३० गते

**निर्णयहरुः**

१. **नगर सभाको मिति तय गर्ने तथा नगर सभालाई सभ्य र भव्य रुपमा सम्पन्न गर्ने सम्वन्धमाः,**
नीलकण्ठ नगरपालिकाको १७ औं अधिवेशनवाट चालु आर्थिक वर्ष २०८२/०८३ को लागि स्वीकृत नीति, कार्यक्रम तथा वजेटका सम्वन्धमा एवम् आर्थिक ऐन तथा विनियोजन ऐन, २०८२ का सम्वन्धमा कार्य प्रगति सहित आवश्यक संशोधन, छलफल तथा निर्णयका लागि यस नगरपालिकाको १८ औं अधविशन मति २०८२ माघ १४ गते वुधवारका दिन प्रारम्भ हुने हुदाँ उक्त नगर सभालाई सभ्य र भव्य रुपमा सम्पन्न गर्ने र सोका लागि सम्पूर्ण आवश्यक पूर्व तयारी गर्ने निर्णय गरियो। साथै अधिवेशनमा खर्च किफायती शैलिमा सञ्चालन गर्न नगरपालिकाको आफ्नै सिटि हलमा आयोजना गर्ने निर्णय गरियो।

२. **नगर सभामा उपस्थित हुने पदाधिकारीहरु/कर्मचारीहरु लगायत अन्य उपस्थितिको सुविधाका सम्वन्धमाः,**
निर्णय नं.१ वमोजिम अधिवेशनमा उपस्थित हुने सभा सदस्यहरु एवम् अन्य आमन्त्रित सहभागीहरुलाई नगर सभा चलेको दिनको नियमानुसारको वैठक भत्ता र आते-जाते खर्च (यातायात) वापत रु १०००।- (अक्षेरुपी रु एक हजार) उपलब्ध गराउने निर्णय गरियो।

३. **आर्थिक वर्ष २०८३/२०८४ का लागि संघीय सरकारमा पेश गर्ने समपुरक र विशेष अनुदानका लागि योजना तथा कार्यक्रम छनौट गर्ने सम्वन्धमाः,**
नेपाल सरकार राष्ट्रिय योजना आयोगद्वारा आ.व. २०८३/०८४ मा कार्यान्वयन हुनेगरी संघीय समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आह्वान गरिएकोमा यस वैठकमा छलफल हुँदा तपसिल वमोजिमका आयोजनाहरु आ.व. २०८३/०८४ वाट बहुबर्षीय रुपमा कार्यान्वयन हुनेगरी राष्ट्रिय योजना आयोगमा प्रस्ताव पेश गर्ने निर्णय गरियो। साथै राष्ट्रिय योजना आयोगको सूचना अनुसार आ.व. २०८३/०८४ का लागि संघीय समपुरक र विशेष अनुदान मार्फत प्रस्तावित आयोजनाहरु कार्यान्वयनका सम्वन्धमा उक्त आयोजनाहरुमा रकम सुनिश्चितता वा रकम विनियोजन भए

पश्चात वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी आयोजना कार्यान्वयन गर्ने प्रतिवद्धता सहित राष्ट्रिय योजना आयोग समक्ष समपूरक अनुदान र विशेष अनुदान तर्फका आयोजनाहरु पेश गर्ने निर्णय गरियो।

### क. संघीय समपुरक अनुदानको लागि माग पठाउने योजनाहरु:

**तालिका नं. १**

| प्रथमिकता क्रम | आयोजनाको नाम ठेगाना | लागत रु. २०८२/०८३ | | लागत रु २०८३/०८४ | | लागत रु २०८४/०८५ | | जम्मा लागत | अवधी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | न.पा.को साझेदारी | समपुरक अनुदान | न.पा.को साझेदारी | समपुरक अनुदान | न.पा.को साझेदारी | समपुरक अनुदान | | | |
| १ | भुलभुले देखी वडा नं. १ र ५ का वडा कार्यालयहरु जोड्ने सडक स्तरोउन्नती | १ करोड ३३ लाख ५० हजार | ९१ लाख | २ करोड ८३ लाख ५० हजार | १ करोड ५८ लाख | ० | ० | ७ करोड | २ वर्ष | क्रमागत, बहुवर्षीय |
| २ | वाघेढुंगा ४ नं. वडा कार्यालय, पौवा रिजालथोक भैरवी मन्दिर सडक स्तरोउन्नती, (नी.न.पा.४) | ० | ० | २ करोड १० लाख | १ करोड ४० लाख | २ करोड १० लाख | १ करोड ४० लाख | ७ करोड | २ वर्ष | बहुवर्षीय |
| ३ | नगरपालिका देखी आहालडाँडा स्वास्थ्य चौकी जोड्ने पानधारे काउले सडक स्तरोउन्नती, (नी.न.पा.२) | ० | ० | २ करोड १० लाख | १ करोड ४० लाख | २ करोड १० लाख | १ करोड ४० लाख | ७ करोड | २ वर्ष | बहुवर्षीय |

### ख. संघीय विशेष अनुदानको लागि माग पठाउने योजनाहरु:

**तालिका नं. २**

| प्रथामिकता क्रम | योजनाको नाम, ठेगाना | लागत रु २०८२/०८३ | लागत रु २०८३/०८४ | लागत रु २०८४/०८५ | जम्मा लागत रु | अवधी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | दलित वस्ति निगालपानी खा.पा. योजना (नी.न.पा.९) | ६९ लाख | १ करोड ५० लाख | ८१ लाख | ३ करोड | ३ वर्ष | क्रमागत बहुवर्षीय |
| २. | स्वालम्वी वहिरा आ.वि.मा होस्टल निर्माण (नी.न.पा.८) | ० | १ करोड ५० लाख | १ करोड ५० लाख | ३ करोड | २ वर्ष | (नयाँ योजना) बहुवर्षीय |

४. **आर्थिक वर्ष २०८३/२०८४ का लागिं प्रदेश सरकारमा पेश गर्ने समपुरक र विषेश अनुदानका लागि योजना तथा कार्यक्रम छनौट गर्ने सम्वन्धमा:**

यस नगरपालिकामा आ.व. २०८३/०८४ मा कार्यान्वयन हुनेगरी प्रदेश समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि यस वैठकमा छलफल हुँदा तपसिल वमोजिमका आयोजनाहरु चालु आ.व.२०८२/०८३ मा कार्यान्वयन हुने गरी प्रदेश सरकार समक्ष पेश भएकोमा समपुरक तर्फका आयोजनाहरु

प्रदेश सरकारवाट स्वीकृत भई कार्यान्वयनको अवस्थामा रहेको हुदाँ सोही आयोजनाहरुलाई आ.व. २०८३/०८४ मा समपुरक तर्फ निरन्तरता दिने र विषेश तर्फका थप नयाँ दुई योजनाहरु कार्यान्वयन हुने गरी आर्थिक मामिला तथा योजना मन्त्रालय समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो।

क. प्रदेश समपुरक अनुदानको लागि माग पठाउने योजनाहरु:

तालिका नं. १

| प्रथामिकता क्रम | आयोजनाको नाम ठेगाना | लागत रु २०८३/०८४ | | जम्मा लागत | अवधी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | न.पा.को साझेदारी | समपुरक अनुदान | | | |
| १. | हनुमानडाडा राममन्दिर हुँदैं जाने कृषि सडक स्तरोउन्नती, नी.न.पा.१० | १ करोड ८० लाख | १ करोड २० लाख | ३ करोड | १ वर्ष | क्रमागत |
| २. | घिमिरेजङ्गा,देउराली, आँपस्वारा, बटुवा लोर्के पहारो मधुवनसम्म सडक स्तरोउन्नती नी.न.पा.१२ र १३ | १ करोड ८० लाख | १ करोड २० लाख | ३ करोड | १ वर्ष | क्रमागत |
| ३. | गोलाभञ्ज्याङ्ग चामभञ्ज्याङ्ग सडक स्तरोउन्नती | १ करोड ८० लाख | १ करोड २० लाख | ३ करोड | १ वर्ष | क्रमागत |

ख. प्रदेश विशेष अनुदानको लागि माग पठाउने योजनाहरु:

तालिका नं. २

| प्रथामिकता क्रम | योजनाको नाम, ठेगाना | लागत रु २०८२/०८३ | जम्मा लागत रु | अवधी | कैफियत |
|---|---|---|---|---|---|
| १. | थोपल खोला तटवन्धन तथा वस्ति जोखिम नियन्त्रण, नी.न.पा.१२ र ८ | १ करोड | १ करोड | १ वर्ष | |
| २. | हाडीखोला तटवन्धन निर्माण, नी.न.पा.७ | १ करोड | १ करोड | १ वर्ष | |

५. नगरपालिकाको कार्यसञ्चालनका लागि आवश्यक कानून कार्यविधि तथा मापदण्डहरु स्वीकृत गर्ने सम्वन्धमा:.

नगरपालिकाको दैनिक प्रशासनीक कार्यसञ्चालनका लागि आव्रश्यक भई तयार भएका तपसिल वमोजिमका कानून कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो।

क. छात्रावास (होस्टल) सञ्चालन सम्वन्धी मापदण्ड, २०८२

ख. वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्वन्धी मापदण्ड, २०७७ पहिलो संशोधन। (लिजमा भएको जगगामा नक्शापास गर्न सकिने व्यवस्थासहितको)

ग. उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान निर्देशिका,२०८१ मा पहिलो संशोधन

(दोहोरोपना हुन नहुने भन्ने व्यवस्था झिक्ने)

६. दमकल तथा व्याक हो लोडर मर्मतका सम्वन्धमा:,

यस नगरपालिकाद्वारा विपद्जन्य कार्यका लागि प्रयोग भएको दमकल बिग्रिएको कारण चालु अवस्थामा नरहेको र विपद्जन्य घटना जुनसुकै वेला घट्न सक्ने तथा मौसम परिवर्तन सगै सुख्खायाममा आगलागीका धैरै घटनाहरु हुने जसको कारण जनधनको क्षति हुने हुदाँ यस्ता सम्भाव्य दुर्घटनाहरुलाई समयमै रोकथामका लागि समेत पूर्वतयारी अवस्थामा रहनुपर्ने भएको कारण दमकललाई मर्मत गरी चालु अवस्थामा राख्नुपर्ने भएकाले मर्मत कम्पनीहरुसँग मर्मत कोटेशन तयार गर्न लगाइ दमकल मर्मत गर्ने निर्णय गरियो। साथै नगरपालिकाद्वारा सञ्चालित व्याक हो लोडरलाई समेत चुस्त रुपमा राख्नु पर्ने भएकोले व्याक हो लोडरलाई समेत मर्मत गरी चालु अवस्थामा राख्ने निर्णय गरियो। सो दुवै साधनहरु मर्मत गर्दा लागेको खर्च नगरपालिकाको मेशिनरी मर्मत शीर्षकवाट खर्च लेख्ने निर्णय समेत यसै वैठकमा छलफल गरी निर्णय गरियो।

७. अन्य ऐन ,नियम कानून कार्यविधिका सम्वन्धमा,:

यस नगरपालिकाको कार्य-सम्पादनलाई व्यवस्थित वनाउनको लागि देहाय वमोजिमका ऐन , कानून(विद्येयकहरु) आगमी नगर सभामा पेश गर्ने गरी मस्यौदा तयार गर्न विद्येयक समितिलाई सैद्धान्तिक सहमति दिने निर्णय गरियो।

क. एफ.एम. रेडियो (सञ्चालन तथा व्यवस्थापन) विद्येयक,२०८२

ख. विज्ञापन (व्यवस्थापन तथा नियमन) विद्येयक, २०८२

ग. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व विद्येयक, २०८२

घ. वालवालिका सम्वन्धि ऐन, २०८० मा पहिलो संशोधन गर्ने विद्येयक, २०८२

८. करार सेवाका कर्मचारीहरुको करार म्याद थप गर्ने सम्वन्धमा,:

नीलकण्ठ नगरपालिकाको १७ औं अधिवेशनको निर्णय नं. ३१, ३३ र ३५ वमोजिम करार सेवाका कर्मचारीहरुको म्याद १ वर्ष थप गर्ने तर एक पटकमा वढीमा ६ महिनाका लागि करार सेवाको म्याद थप गर्ने व्यवस्था भएकोमा यस नगर कार्यपालिका कार्यालय तथा

मातहतमा सेवारत करार तथा ज्यालादारीका कर्मचारीहरु, सुरक्षा गार्ड, सरसफाई कर्मचारीहरु, स्वास्थ्य चौकीहरुमा कार्यरत करारका कर्मचारीहरु, सूचना प्रविधि अधिकृत, खेल प्रशिक्षक तथा संघीय ससर्त/प्रदेश ससर्त तर्फका करार सेवा उपलब्ध हुने करारका कर्मचारीहरु र वडामा कार्यरत सहायक कर्मचारीहरुलाई हाल खाईपाई आएको तलवमा नघट्ने गरी आचरण र कार्य सन्तोषजनक भएसम्म अन्य कुनै पनि सेवा सुविधा वा शर्तहरुको दावी नपुग्ने गरी सेवा करारको म्याद २०८३ असारमसान्त सम्मका लागि थप गर्ने तथापी ,कार्य सम्पादन एवम् आचरण सन्तोषजनक नभएमा सम्वन्धित कर्मचारीहरुको कामप्रति कार्यालय विश्वस्त हुन नसकी करार सम्झौता नविकरण रद्द गरेमा वा सम्बन्धित पदमा स्थायी दरवन्दीका कर्मचारीको पदपूर्ति वा दरवन्दी पुनसंरचना र समायोजन भएमा स्वतः करार सम्झौता खारेज हुने निर्णय गरियो।

९. <u>योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने सम्वन्धमाः</u>
यस नगरपालिकाको १७ औं अधिवेशनको निर्णय नं. ३४ र ऐ.ऐ नगर सभावाट स्वीकृत विनियोजन ऐन, २०८२ को दफा (३) को उपदफा (२) र (३) अनुसार नगर प्रमुखज्यूलाई प्रत्यायोजित अधिकार अनुसार नगर सभाको विनियोजित वजेटको सीमामा रही तत्काल कार्यान्वयन गरिएका योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने एवम् पूर्वाधार विकास समितिवाट विभिन्न मितिमा सिफारिस भै आएका तत्काल कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुका सम्वन्धमा छलफल गर्दा आवश्यकताको आधारमा त्यस्ता योजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि देहाय वमोजिम हुने गरी स्रोत व्यवस्थापन गर्ने निर्णय गरियो। साथै उक्त योजना तथा कार्यक्रमहरु अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो।

**<u>स्रोत व्यवस्थापन तथा विनियोजना भएका योजना तथा कार्यक्रमहरुको विवरण</u>**

<u>तालिका- १</u>

| चालु शिर्षकमा विनियोजित र बचत रकम रकमान्तर | | |
|---|---|---|
| सि.न. | योजना तथा कार्यक्रमको नाम | बचत रकम |
| १ | संस्कृति प्रवर्द्धन तथा पर्यटन विकास तर्फका विविध कार्यक्रम | ९००००० |

| | | |
|---|---|---|
| २ | संचार क्षेत्र तर्फ विविध कार्यक्रम | ६००००० |
| ३ | अन्य सामाजिक सहायता | ५००००० |
| | जम्मा रकम | २०००००० |

तालिका-२

| चालु शीर्षकवाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमका (श्रोत व्यवस्थापन समेत) | | | |
|---|---|---|---|
| सि.न | योजनाको नाम | ठेगाना | विनियोजित वजेट |
| १ | जिल्ला अदालत मेसिनरी मर्मत (सवारी साधन) | नी.पा.न. | २००००० |
| २ | लामागुरु माफर्निचर .वि. | नीपा..न.२ | १००००० |
| ३ | पञ्चे वाजा खरिद | नीपा..न.३ | १७०००० |
| ४ | सुन्दर वस्ती टोल सुधार समिति भाडाकुडा तथा फर्निचर खरिद | नीपा..न.४ | ३००००० |
| ५ | शंखदेवी मावि झ्यालढोका मर्मत. | नीपा..न.१ | ४००००० |
| ६ | रैथाने वाली प्रवर्द्धन कार्यक्रम | नी.पा.न. | ३०००० |
| ७ | एकीकृत शत्रुजीव व्यवस्थापन )IPM) कार्यक्रम | नी.पा.न. | ३०००० |
| ८ | पञ्चकन्या आमा समुह वाजा खरिद | नीपा..न.६ | १७०००० |
| | जम्मा रकम | - | १४००००० |

## तालिका -३

| बचत रकम रकमान्तर | | | | | |
|---|---|---|---|---|---|
| सि.न. | योजना तथा कार्यक्रमको नाम | बचत रकम रु | कैफियत | रकमान्तर हुने शीर्षक | रकम रु |
| १ | अन्य सार्वजनिक निर्माण | ८५००००० | *तिन करोड बैसठ्ठी लाख असि हजार रुपैंया मात्र* | अर्थ विविध | ३६२८०००० |
| २ | संघ तथा प्रदेश समपूरक आयोजनाको लागि लागत साझेदारी | १००००००० | | | |
| ३ | नगर चक्रपथ | ४५००००० | | | |
| ४ | टेण्डरवाट वचत रकम | १३२८०००० | | | |
| - | जम्मा रकम | ३६२८०००० | | जम्मा रकम | ३६२८०००० |

तालिका-४

| अर्थ विविधवाट कार्यान्वनय हुने योजना तथा कार्यक्रमहरु (श्रोत व्यवस्थापन समेत) सहितको विविरण। | | | |
|---|---|---|---|
| सि.न | योजनाको नाम | ठेगाना | विनियोजित वजेट |
| १ | सरकारी महान्याधिवक्ता कार्यालय रङ्गरोङ्गन तथा ससत्र प्रहरी वल धादिङको भवनमा सिलिङ्ग निर्माण | *नी.न.पा* | ७००००० |
| २ | तातोपानी- दाहालमोड सडक ड्रेन तथा करिडोर ह्युम पाइप कल्भर्ट निर्माण कार्य | *नी.न.पा. १२ र ३* | ३४००००० |
| ३ | धुसेनी आ.वि घेरावार | *नी.न.पा.१* | ५००००० |
| ४ | गैरी वसाह खानेपानी | *नी.न.पा.१* | ५००००० |
| ५ | चिलाउने भञ्याङ्ग गैरीगाउँ जुङ्गे जोड्ने सडक | *नी.न.पा. २* | ७००००० |
| ६ | वसाह गाउँ पूरानो पधेरो मर्मत | *नी.न.पा. २* | ३००००० |

| | | | |
|---|---|---|---|
| ७ | घट्टेडाँडा, स्वारा, आलेवारी सडक स्तरोउन्नती | नी.न.पा.२ | १०००००० |
| ८ | केरावारी सडक निर्माण | नी.न.पा.२ | १०००००० |
| ९ | तिनघरे काफ्ले मरनघाट सडक | नी.न.पा.२ | ५००००० |
| १० | वेसीगाउँ सिम्ले सिढि निर्माण | नी.न.पा.२ | ५००००० |
| ११ | समरा, आधमारा जलदेवी स्कुल पद मार्ग | नी.न.पा.२ | ५००००० |
| १२ | पिपलटारी समरा सिम्ले हुदै खरवारी सडक | नी.न.पा.२ | ५००००० |
| १३ | विचवजार भित्र ढल निकास | नी.न.पा.३ | ८०००० |
| १४ | पुरानो पावरहाउस भुलभुले सडक निर्माण | नी.न.पा. | ७००००० |
| १५ | गौतेफाट खेत भलवाढी नियन्त्रण | नी.न.पा.३ | २५०००० |
| १६ | नीलकण्ठ वहुमुखी क्याम्पस ट्रष्ट निर्माण | नी.न.पा.३ | २०००००० |
| १७ | विन्दवासिनि मन्दिर तथा शिव मन्दिर निर्माण | नी.न.पा.३ | ७००००० |
| १८ | वागेढुङ्गा वेसीघर गैरीगाउँ (झारी खोला खण्ड) विमिरे सडक मर्मत | नी.न.पा.४ | ३००००० |
| १९ | रायेटार चौतारा देखी ठाडोखोला सडक | नी.न.पा.४ | ५००००० |
| २० | जलविरे मजके टार हुदै तल्लोवेशी जाने सडक मर्मत | नी.न.पा.४ | ४००००० |
| २१ | भिरमुनी पारीगाउँ मालिका भैरुमगाउँ सिरान धारा सडक खण्ड स्तरोउन्नती | नी.न.पा.४ | १०००००० |
| २२ | आपवोट पहिरो नियन्त्रण (राम्चे) | नी.न.पा.४ | ३००००० |
| २३ | पहरेछाप सिढि निर्माण | नी.न.पा.५ | ५००००० |
| २४ | खर्कमा सामुदायिक भवन निर्माण | नी.न.पा.५ | ५००००० |
| २५ | गैरीगाउँ चौतारा निर्माण | नी.न.पा.५ | ५००००० |
| २६ | देउराली, रिठावोटे वेलजगार सडक | नी.न.पा.५ | ५००००० |
| २७ | मनकामना स्कुलमा सरस्वती मन्दिर निर्माण | नी.न.पा.५ | २००००० |
| २८ | दलित वस्ती ढाडेमन्दिर सडक निर्माण | नी.न.पा.५ | ५००००० |
| २९ | कोसी खोला कजवे निर्माण | नी.न.पा.५ | २०००००० |
| ३० | दारी गौडा खाल्टे सडक निर्माण | नी.न.पा.५ | ५००००० |
| ३१ | वाहुन डाँडा भस्मे सडक | नी.न.पा.५ | २००००० |
| ३२ | चक्रदेवी आमा समुह भवन निर्माण | नी.न.पा.६ | ५००००० |
| ३३ | रातामाटे लाकुरी धारो सडक मर्मत | नी.न.पा.६ | ५००००० |
| ३४ | चापटारी नयाँवस्ती ढलान जोड्ने सडक स्तरोउन्नती | नी.न.पा.८ | ५००००० |
| ३५ | शक्ते शक्ति मन्दिर निर्माण | नी.न.पा.८ | ५००००० |
| ३६ | तल्लो हटिया, मंकाली मन्दिर सिढि वाटो र पालपाली गाउँ सडक | नी.न.पा.८ | ७००००० |
| ३७ | आसिखोला तटवन्धन निर्माण | नी.न.पा.८ | ५००००० |
| ३८ | ससाह इसाइ चर्च | नी.न.पा.८ | ५००००० |
| ३९ | सिमलधारी सडक निर्माण | नी.न.पा.८ | ३००००० |
| ४० | मनकामना माई मन्दिर निर्माण (पाल्पाभञ्ज्याङ्ग) | नी.न.पा.९ | १०००००० |
| ४१ | सातदोवाटो सडक तथा नाला निर्माण | नी.न.पा.९ | ५००००० |
| ४२ | स्याउली सालवोटे सडक निर्माण | नी.न.पा.९ | २००००० |
| ४३ | वागवच्छाला मन्दिर निर्माण तथा शौचालय निर्माण | नी.न.पा.९ | ७००००० |
| ४४ | झगरे रातमाटे तल्लो झगरे कुवरगाउँ सडक स्तरोउन्नती | नी.न.पा.९ | ५००००० |

| | | | |
|---|---|---|---|
| ४५ | सौरी खोला हटिया सिढि निर्माण | नी.न.पा.९ | ५००००० |
| ४६ | चिप्लेटिवाट सार्की गाँउ जाने सिढि निर्माण | नी.न.पा.९ | ३००००० |
| ४७ | भोक्टेनी गैरावारी गोरेटो वाटो निर्माण | नी.न.पा.९ | ५००००० |
| ४८ | वाह्रमुरे तातोपानी कृषि सडक ड्रेन निर्माण | नी.न.पा.९ | ५००००० |
| ४९ | कुमारी देवी मा.वि. शौचालय मर्मत | नी.न.पा.१० | २००००० |
| ५० | ढोडेनी भारमाले सडक मर्मत | नी.न.पा.१० | १५०००० |
| ५१ | शंखदेवी मा.वि. गेट तथा कम्पाउड निर्माण | नी.न.पा.११ | ५००००० |
| ५२ | देउराली खेलमैदान निर्माण | नी.न.पा.१२ | ५००००० |
| ५३ | तामाङ वस्ती गोरेटो वाटो पर्खाल निर्माण | नी.न.पा.१२ | ३००००० |
| ५४ | आसिखोला गैरीखेत कुलो निर्माण | नी.न.पा.१२ | ५००००० |
| ५५ | सालवोटे एकता मण्डली चर्च भवनको पक्की वाल निर्माण | नी.न.पा.१२ | ३००००० |
| ५६ | दामगाडे नयाँ वस्ती सडक निर्माण | नी.न.पा.१२ | ३००००० |
| ५७ | जमुने पचघरे सडक तथा गुरुङ मरनघाट ट्रष्ट निर्माण | नी.न.पा.१२ | ७००००० |
| ५८ | माझगाउँ पिपलडाँडां घुम्ती ढलान | नी.न.पा.१३ | ५००००० |
| ५९ | मनास्लुभ्यू दर्शन समाज भवन निर्माण | नी.न.पा.१३ | ५००००० |
| ६० | रातमाटे कालिका मन्दिर स्कुल रिङ्गरोड देखी रातो डाँडा काप्रे भिरकुना सडक स्तरोउन्नती | नी.न.पा.१४ | ८००००० |
| ६१ | नागिनथान नेपाल टोल सडक मर्मत | नी.न.पा.१४ | १००००० |
| ६२ | मरनघाट सम्मको सडक निर्माण | नी.न.पा.१४ | ५००००० |
| | जम्मा रकम | | ३६२८०००० |

## प्रकोप व्यवस्थापन कोषवाट कार्यान्वयन हुने योजना

| सि.न | योजनाको नाम | ठेगाना | विनियोजित वजेट |
|---|---|---|---|
| १ | वडा कार्यालय देउरली कुडुले सडक | नी.न.पा १२ | ५००००० |
| २ | ८ नं. वडा कार्यालयको लागि विभिन्न स्थानमा भएको प्रकोप व्यवस्थापनका लागि ग्यावित जालि खरिद | नी.न.पा.८ | ३००००० |

१०. **नयाँ ट्र्याक निर्माण सम्वन्धी योजना सम्झौता तथा कार्यान्वयन गर्ने सम्वन्धमा।**

क. नीलकण्ठ नगरपालिकाको १७ औं अधिवेशनको निर्णय नं. २१ अनुसार नगरक्षेत्रमा हुने सडक पूर्वाधार निर्माण गर्दा नयाँ कटिङलाई न्यूनिकरण गर्ने निर्णय भएकोमा चालु आ.व.२०८२/०८३ मा कार्यान्वयन हुने गरी नगर सभावाट विनियोजन भएको घट्टखोला आरुवाहे चिसापानी सडक नी.न.पा.९ मा रु ५०००००।- (अक्षेरुपी पाँच लाख) विनियोजन भएकोमा विनियोजित रकमवाट नयाँ ट्रायक (सडक) खोल्नुपर्ने भइ वडा कार्यालयको प.स.२०८२/०८३ च.न. १०२० मिति २०८२/०९/२३ को प्रास

सिफारिस सहित योजना कार्यान्वयनका लागि पेश भएको हुदाँ उक्त योजना कार्यान्वयनका लागि स्वीकृति दिने निर्णय गरियो। साथै उक्त योजना कार्यान्वयन पश्चात प्राविधिक मूल्याङ्कनका आधारमा आउने रकम भुक्तानी दिने गरी योजना सम्झौता तथा कार्यान्वनय गर्ने निर्णय गरियो।

ख. नीलकण्ठ नगरपालिकाको १७ औं अधिवेशनको निर्णय नं. २१ अनुसार नगरक्षेत्रमा हुने सडक पूर्वाधार निर्माण गर्दा नयाँ कटिङलाई न्यूनिकरण गर्ने निर्णय भएकोमा चालु आ.व.२०८२/०८३ मा कार्यान्वयन हुने गरी नगर सभावाट विनियोजन भएको पात्ले देखी भैरवी मन्दिर जोड्ने प्रताप पर्यटन मार्ग नी.न.पा.१ मा रु ५०००००।- (अक्षेरुपी पाँच लाख) विनियोजन भएकोमा विनियोजित रकमवाट नयाँ ट्रायक (सडक) खोल्नुपर्ने भइ वडा कार्यालयको प.स.२०८२/०८३ च.न. २०५ मिति २०८२/०८/२५ को प्राप्त सिफारिस सहित योजना कार्यान्वयनका लागि पेश भएको हुदाँ उक्त योजना कार्यान्वनयका लागि स्वीकृति दिने निर्णय गरियो। साथै उक्त योजना कार्यान्वयन पश्चात प्राविधिक मूल्याङ्कनका आधारमा आउने रकम भुक्तानी दिने गरी योजना सम्झौता तथा कार्यान्वनय गर्ने निर्णय गरियो।

ग. नीलकाण्ठ नगरपिलाको १७ औं अधिवेशनको निर्णय नं. २१ अनुसार नगरक्षेत्रमा हुने सडक पूर्वाधार निर्माण गर्दा नयाँ कटिङलाई न्यूनिकरण गर्ने निर्णय भएकोमा चालु आ.व.२०८२/०८३ मा कार्यान्वयन हुने गरी कार्यपालिका स्तरीय निर्णयवाट बिनियोजन भएको रातमाटे कालिका मन्दिर स्कुल रिङ्गरोड देखी रातो डाँडा काप्रे भिरकुना सडक स्तरोन्नती नी.न.पा.१४ मा रु ८०००००।- (अक्षेरुपी आठ लाख) विनियोजन भएकोमा विनियोजित रकमवाट केही स्थानमा नयाँ ट्रायक (सडक) खोल्नुपर्ने आवश्यकता देखिएकोले प्राविधिक लागत स्टिमेट अनुसार कार्यान्वयनका लागि स्वीकृति दिने निर्णय गरियो। साथै उक्त योजना कार्यान्वयन पश्चात प्राविधिक मूल्याङ्कनका आधारमा आउने रकम भुक्तानी दिने गरी योजना सम्झौता तथा कार्यान्वनय गर्ने निर्णय गरियो।

११. <u>नगरपालिकाका क्षेत्र भित्रका सवै खानेपानी योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि विस्तृत अध्ययन प्रतिवेदन (DPR) तयारका लागि अनुरोध गर्ने सम्वन्धमा:.</u>

नीलकण्ठ नगरपालिकाका अन्तर्गतका वडा नं. १ देखी १४ वडाकै उपभोक्ताहरुलाई एक घर एक धारा सञ्चालन गर्ने कार्यक्रंम अन्तर्गत खानेपानीको सहज पहुँच र सुविधा उपलब्ध गराउने कार्यक्रम रहेकाले १४ वटै वडाहरुमा खानेपानीको सहज पहुँच तथा सेवा/सुविधा उपलब्ध गराउने गरी नगरपालिकाको प्रमुख प्राथमीकताको कार्यक्रम रहेको हुँदा सम्पूर्ण वडाहरु समेटिने गरी विस्तृत अध्ययन प्रतिवेदन (DPR) निर्माण तथा विस्तृत अध्ययन प्रतिवेदन (DPR) को प्रस्ताव अनुरुप ऋणसमेत लगानीका लागि नगर विकास कोषलाई अनुरोध गर्ने निर्णय गरियो।

१२. <u>WASH PLAN विकासका लागि सिफारिस गर्ने सम्वन्धमा:.</u>

नीलकण्ठ नगरपालिकाका १४ वटै वडाहरुलाई समेट्ने गरी WASH PLAN वनाउने लागू गर्न आवश्यक देखिएको हुँदा WASH PLAN विकासका लागि नगर विकास कोषलाई सिफारिस गर्ने निर्णय गरियो।

१३. <u>कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्वन्धमा:.</u>

वागमती प्रदेश सरकार उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयवाट मिति २०८२/०९/२८ मा गरेको सूचनाअनुसार एक वडा एक उद्यम र एक स्थानीय तह एक प्रमुख उद्योग कार्यक्रमको लागि देहाय वमोजिम हुने गरी सम्वन्धित निकायमा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

क. एक स्थानीय तह एक प्रमुख उद्योग कार्यक्रमको लागि देहायको स्थानमा पूर्वाधार निर्माणका लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो।

निर्माण गर्ने पूर्वाधार:-. कृषि उपज संकलन तथा उद्यम घर निर्माण

स्थान:- नीलकण्ठ नगरपालिका वडा नं.४

ख. एक वडा एक उद्यम कार्यक्रमको लागि देहायको स्थानमा पूर्वाधार निर्माणका लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो।

निर्माण गर्ने पूर्वाधारः चिलिङ भ्याट सहितको दुध संकलन केन्द्र

स्थानः नीलकण्ठ नगरपालिका वडा नं.१४, धुवाकोट

सहयोग पुग्ने उद्यम व्यवसाय/क्षेत्रः दुग्ध व्यवसाय

१४. <u>नीलकण्ठ प्रज्ञा प्रतिष्ठान अन्तर्गतको कार्य समितिमा सदस्य र सदस्य सचिव मनोनयन गर्ने सम्वन्धमाः</u>,

क. नीलकण्ठ नगरपालिकाको प्राज्ञिक क्षेत्रको समग्र विकासका लागि नगरपालिकाद्वारा जारी गरिएको नीलकण्ठ प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ को दफा १० मा कार्य समितिको गठन सम्वन्धी व्यवस्था रहेको र ऐ.ऐ दफाको उपदफा २(क) नगर कार्यपालिकावाट नीलकण्ठ प्रज्ञा परिषद्का सदस्यहरुमध्ये मनोनित कम्तिमा १ महिला सहित ३ सदस्य मनोनयन गर्नुपर्ने व्यवस्था रहेकोमा देहायका सदस्यहरुलाई ऐनले तोकेको समयावधि अनुरुप हुने गरी मनोनयन गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

१. श्री विनोदमान श्रेष्ठ - सदस्य
२. श्री सीताराम कोइराला - सदस्य
३. श्री चन्द्र कुमारी राना मगर - सदस्य

ख. नीलकण्ठ नगरपालिकाको प्राज्ञिक क्षेत्रको समग्र विकासका लागि नगरपालिकाद्वारा जारी गरिएको नीलकण्ठ प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ को दफा १० मा कार्य समितिको गठन सम्वन्धी व्यवस्था रहेको र ऐ.ऐ दफाको उपदफा २(ग) मा दैनिक प्रशासनिक काम समेत गर्ने गरी नगर कार्यपालिकावाट मनोनित १ जना सदस्य सचिव रहने व्यवस्था अन्तर्गत देहायका सदस्यलाई ऐनले तोकेको समयावधि अनुरुप हुने गरी सदस्य सचिव मनोनयन गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

१. श्री प्रकाश पौडेल - सदस्य सचिव

१५. <u>साझेदारी कार्यक्रम सञ्चालनका लागि आवश्यक रकम विनियोजन गर्ने सम्वन्धमाः</u>,

नीलकण्ठ नगरपालिका, धादिङ र त्रिपुरा सुन्दरी गाउँपालिका, धादिङको संयुक्त (साझेदारी) लगानीमा त्रिपुरा सुन्दरी गाउँपालिकाको क्षेत्रमा अवस्थित श्री सल्यानटार क्याम्पसको शैक्षिक

सुधार, तालिम सञ्चालन, विद्यार्थी अभिमुखिकरण, सामाजिक तथा सामुदायिक कार्यक्रम एवम अन्य शैक्षिक गतिविधि सञ्चालनका लागि क्यामपसमा सभा हल निर्माण गर्न आवश्यक देखिएको र उक्त क्याम्पसमा नीलकण्ठ नगरपालिका वडा नं. १० र ११ का विद्यार्थीहरुलाई पठनपाठन गर्न शैक्षिक पायक पर्ने भएकोले आम विद्यार्थीहरुमा गुणस्तरीय शैक्षिक गतिविधि सञ्चालन गरी शैक्षिक क्षेत्रमा टेवा पुर्याउने दायित्व नगरपालिकाको समेत रहेको हुँदा नेपालको संविधान, २०७२ को अनुसूची-८ अन्तर्गत आधारभूत र माध्यमिक शिक्षा तथा स्थानीय पूर्वाधार विकास सम्बन्धी अधिकार व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) (ज) मा भएको आधारभूत र माध्यमिक शिक्षा सम्वन्धी व्यवस्था ऐ.ऐ. ऐनको दफा २६ मा साझेदारी वा संयुक्त व्यवस्थापनमा कार्य गर्न सक्ने: गाउँपालिका तथा नगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहको लागि देहायको विषयमा अन्य गाउँपालिका वा नगरपालिकासँग साझेदारी, सम्झौता वा संयुक्त व्यवस्थापन गर्ने सकिने उल्लेख छ, ऐ.ऐ. दफाको खण्ड (क) देखी खण्ड (ढ) सम्म कुन-कुन क्षेत्र वा विषयहरुमा साझेदारी वा संयुक्त व्यवस्थापन गर्न सकिने गरी शीर्षकहरुको व्यवस्था गरिएको छ, जसको खण्ड (क),(झ),(ट),(ड) र (ढ) यस प्रकारको कार्य कार्यान्वयन गर्नका लागि आकर्षित देखिन्छन्, जसको अधिनमा रही नीलकण्ठ नगरपालिकाद्वारा उक्त शैक्षिक पूर्वाधर (क्याम्पस सभा हल) निर्माणका लागि प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम आवश्यक प्रक्रिया पुरा गरी कार्यान्वयन गर्न चालु आ.व.२०८२/०८३ मा अन्य सार्वजनिक निर्माण शीर्षकवाट खर्च लेख्ने गरी रु ३,५०,०००।- (अक्षेरुपी तीन लाख पचास हजार) विनियोजन गर्ने निर्णय गरियो। साथै यसरी विनियोजित रकममा सम्वन्धित गाउँपालिकाद्वारा समान रकम विनियोजन गर्ने व्यवस्था गाउँपालिकाको कार्यालयले मिलाउने र योजना तथा कार्यक्रम कार्यान्वयनको सन्दर्भमा आपसी समझदारी र समन्वयमा प्रक्रिया अगाडि वढाउने निर्णय गरियो।

१६. खानेपानी, सरसफाइ तथा स्वाच्छता व्यवस्थापन वोर्डका निर्णयहरुका सम्वन्धमा:. खानेपानी, सरसफाइ तथा स्वाच्छता व्यवस्थापन वोर्डको मिति २०८२ पौष ३ गते भएको वोर्डका देहाय वमोजिमका निर्णय उपर छलफल गरियो।

क. वोर्ड वैठकको निर्णय नं. ६- नीलकण्ठ नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन वोर्डको संगठन तथा व्यवस्थापन (Organization & Management) सर्वेक्षण प्रतिवेदन उपर छलफल गरी स्वीकृतिका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो।

ख. वोर्ड वैठकको निर्णय नं. ७- नीलकण्ठ नगरपालिकाको आर्थिक ऐन, २०८२ को अनुसूची-१३ मा व्यवस्था भए वमोजिमको फोहोरमैला व्यवस्थापन सेवा शुल्कमा विलम्व शुल्क सहित तपसिल वमोजिम हुने गरी परिमार्जनको प्रस्ताव पेश भएकोमा उक्त दररेटमा छलफल गरी स्वीकृत गरियो। साथै स्वीकृत दररेट अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

| सि.न | विवरण | प्रति महिना रु | कैफियत |
|---|---|---|---|
| १ | घर | २०० | |
| २ | व्यवसाय सञ्चालन भएको प्रति सटर<br>(क्र.स. १ मा थप) | १०० | |
| ३ | होटल, लज, रेष्टुरेण्ट, वार, क्याफे, भोजनालय, मिष्ठान्न भण्डार | | |
| क. | खाना- नास्ता | ३०० | |
| ख. | खाना-नास्ता मदिरा समेत | ८०० | |
| ग. | होटल एण्ड लज (१० कोठा सम्म) | १००० | |
| घ. | होटल एण्ड लज (१० कोठा भन्दा माथी) | १५०० | |
| ङ. | व्राण्डेड होटल, रिसोर्ट तथा लज | २००० | |
| सि.न | विवरण | प्रति महिना रु | कैफियत |
| ४ | सवारी साधन मर्मत(चार पाग्रे र सो भन्दा माथिको ग्यारेज) | ८०० | |
| ५ | मोटर साइकल वर्कसप | ५०० | |
| ६ | कवाडी संकलन व्यवसाय | ७०० | |
| ७ | वधशाला | १००० | |
| ८ | रागो तथा वँगुरको मासु विक्रि पसल | ४०० | |
| ९ | खसि,वोका र कुखुराको मासु विक्रि पसल | ३०० | |
| १० | तरकारी संकलन तथा होलसेल विक्रि केन्द्र/पसल | ३०० | |
| ११ | सरकारी कार्यालय, वैक, वित्तिय र अन्य संघ/संस्था | ३०० | |
| १२ | सरकारी तथा निजि स्वास्थ्य संस्था | | |
| क. | १०० वेड भन्दा माथिको अस्पताल | २००० | निर्मलिकरण गरी सिसा, धारिलो,सिरिञ्ज, रसायनिक फोहोर छुट्याइएको मात्र |
| ख. | ५०-१०० वेडको अस्पताल | १५०० | |
| ग. | १६-४९ वेडको अस्पताल | १००० | |
| घ. | १५ वेडको अस्पताल | ७०० | |
| ङ. | क्लिनिक/ डेण्टल क्लिनिक | ५०० | |
| सि.न | विवरण | प्रति महिना रु | कैफियत |
| १३ | सेफ्टी टयाङ्की सफाई (सक्सन) | | |

| | | | |
|---|---|---|---|
| क. | नगरपालिका क्षेत्र भित्र ५ कि.मि. सम्म | ६००० | |
| ख. | नगरपालिका क्षेत्र भित्र ५-१४ कि.मि. सम्म | ७००० | |
| ग. | नगरपालिका क्षेत्र भित्र १५ कि.मि. भन्दा माथी | ८००० | |
| घ. | नगरपालिका क्षेत्र वाहिर १६-२५ कि.मि. सम्म | १०००० | |
| १४ | अन्य | | |

नोटः फोहोरमैला व्यवस्थापन सेवा शुल्क नियमित तथा नियमन गर्नको निमित्त २०८२ चैत्र महिना भित्र बाँकी-वक्यौता सेवा शुल्क भुक्तानी गरेमा विलम्व शुल्क मिनाह गर्ने। तोकिएको समय सिमा भित्र शुल्क भुक्तानी नगरेमा हरेक महिना १० प्रतिशत विलम्व शुल्क समेत थप गरी अशुल उपर गर्ने र सो सम्वन्धमा वोर्डले नै सार्वजनिक सूचना जारी आवश्यक कार्वाहीको प्रक्रिया अगाडि वढाउने छ।

१७. खेलकुद प्रशिक्षकको दरवन्दी सृजना गरी नियुक्तिको प्रक्रिया अगाडि वढाउने सम्वन्धमाः,

नगरपालिका भित्रका विद्यालयहरुमा अध्ययन गर्ने वालवालिका मानसिक स्वास्थ्य एवम् नगरपालिका भित्र खेलकुद गतिविधिलाई प्रोत्साहन तथा प्रवर्द्धन गरी कलिला वालवालिकाहरुको मानसिक स्वास्थ्यलाई स्फुर्त राख्न एवम् आम नगरवासीहरुलाई स्वस्थ्यका लागि खेलकुद भन्ने सोंचको विकास गरी स्वस्थ्यमा सजग वनाउन खेलकुदमा केही समय अभ्यासरत वनाइ राख्न व्याडमिन्टन खेलकुद तर्फ दक्ष खेलाडी उत्पादन गर्ने उद्देश्यले व्याडमिन्टन प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएकोले उक्त प्रशिक्षण कार्यक्रम सञ्चालनका लागि एक जना खेलकुद प्रशिक्षकको दरवन्दी सिर्जना (अगामी नगर सभावाट पद तथा दरवन्दी अनुमोदन गर्ने) गरी योग्य व्याडमिन्टन प्रशिक्षकलाई करार सेवामा नियुक्त गर्ने निर्णय गरियो। साथै सो सम्बन्धी आवश्यक प्रक्रिया अगाडि बढाई करार सम्झौता गरी कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार दिने निर्णय गरियो।

१८. अन्य विविध विषयहरुका सम्वन्धमाः,

क. नीलकण्ठ नगरपालिकाका ग्रामिण भेगमा वसोवास गर्ने आम नगरवासीहरुका लागि आधारभूत स्वास्थ्य सेवाको सहज उपलब्धता र मानव सम्वेदनशिलतालाई मध्ये नजर गरी त्यस्ता सेवा सुविधाहरुको सहज पहुँच गराउन तथा समयमा उपचारको पहुँच विस्तारका लागि नीलकण्ठ नगरपालिकाद्वारा वृहत् निःशुल्क स्वास्थ्य शिविर मिति २०८२

मंसिर २६ र २७ मा आयोजना गरिएको हो, जसको व्यवस्थापन संयोजना तथा प्राविधिक सहयोग क्रमश उपेन्द्र देवकोटा फाउण्डेशन र उपेन्द्र देवकोटा मेमोरियल नेश्नल इन्सिच्यूट अफ न्यूरोलोजिकल एण्ड एलाइट साइन्सको रहेको उक्त शिविरमा नगरपालिका भित्र र वाहिरका करिव ७०० जना भन्दा वढीले प्रत्येक्ष लाभ लिइ सम्पन्न भएकोमा उक्त कार्यक्रम कार्यान्वयनका लागि प्रमुख प्रशासकीय अधिकृतद्वारा सम्झौता भएकोमा उक्त सम्झौता अनुमोदन गरी सम्झौताको वुदाँ नं. १ अनुसार नगरपालिकाद्वारा स्वास्थ्य कर्मी तथा उक्त शिविरसँग सम्वन्धित अप्राविधिक र प्राविधिक जनशक्तिको आवास, खाना, खाजा लगायतका अन्य विविध खर्च नगरपालिकाद्वारा व्यहोर्ने सम्झौता भएकोमा उक्त कार्यक्रम भएको खर्च रु २,९२,२५९।- (अक्षेरुपी दुइ लाख वयानब्वे दुइ सय उन्नसाठ्ठी रुपैया मात्र) सम्वन्धित पार्टीलाई नै भुक्तानी दिने निर्णय गरियो। साथै उक्त रकम चालु आ.व.२०८२/०८३ को विविध खर्च शिर्षकवाट खर्च लेख्ने निर्णय गरियो।

ख. शारिरिक, मानसिक, सामाजिक र संवेगात्मक रुपमा स्वस्थ वनाइ कुलत एवम् सामाजिक विकृतिदेखी टाढा राखी खेलको माध्यमवाट महिला खेलकुदको विकास, प्रतिभा पहिचान, महिला सशक्तिकरण गरी प्रोत्साहन गर्ने उद्देश्यको साथ धादिङ जिल्ला भलिवल संघद्वारा स्व: मनोज श्रेष्ठ स्मृति कप वागमती प्रदेश स्तरीय अन्तर जिल्ला महिला भलिवल प्रतियोगिता-२०८२ मिति २०८२ पौष ९-१२ गते सम्म आयोजना गरी सम्पन्न भएको हुँदा उक्त प्रतियोगिताका आयोजनाका लागि नगरपालिकाको चालु आ.व.२०८२/०८३ को सि.न.१२.१ मा खेलकुद प्रवर्द्धन तर्फ विविध कार्यक्रम शीर्षकमा विनियोजन भएको रकमवाट खर्च लेख्ने गरी रु ३०००००।-(अक्षरुपी तीन लाख मात्र) विनियोजन गरी आवश्यक कागजातका आधारमा भुक्तानी दिने निर्णय गरियो।

ग. रामकोट माध्यमिक विद्यालयको प.सं.२०८२/०८३ चलानी नं.४१ मिति २०८२/०९/१७ को विद्यालय पोषाक (ट्र्याक सुट) उपलब्धताका लागि नगरपालिका समक्ष निवेदन पेश भएकोमा उक्त निवेदन उपर छलफल गर्दा विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको उच्च मनोवल कायम गर्न, शैक्षिक गतिविधि सञ्चालन, खेल प्रवर्द्धन तथा

आत्मसम्मान स्वरुप विद्यार्थीहरुको एकरुपताका लागि आवश्यक रहेका २७३ जना विद्यार्थीहरुका लागि रु १०००।- (एक हजार) का दरले चालु आ.व.२०८२/०८३ मा विनियोजित विविध चालु खर्चवाट खर्च लेखी विद्यालयको खातामा उक्त रकम निकासा दिने निर्णय गरियो। साथै यस कार्यमा सामाग्री खरिद तथा व्यवस्थाप पश्चात नीलकण्ठ नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखासँग समन्वय गर्ने र विद्यार्थीहरुको सामाग्री वुझिलिएको भर्पाई सम्वन्धित शाखामा पेश गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।